स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री साम्राज्ञी शाहका लागि सन् २०२३ मिश्रित रह्यो । 'नांगो गाउँ'बाहेक उनी अभिनित दुई फिल्म 'ह्यारीकी प्यारी' र 'तिम्रो मेरो साथ' चलेनन् । तर पनि साम्राज्ञीलाई नयाँ वर्ष २०२४ राम्रो हुने आशा छ । नयाँ वर्ष २०२४ को शुभकामना दिन हट् तस्वीर सार्वजनिक गर्दै साम्राज्ञीले लेखेकी छन्, 'यो राम्रो वर्ष हुनेछ ।' बितेको वर्ष साम्राज्ञीका लागि निकै चुनौतीपूर्ण रह्यो । उनले काम गरिरहेको 'लण्डन टु पेरिस'को छायांकन रोकियो । निर्देशक र प्राविधिकले फ्रान्सको भिसा नपाउँदा सुटिङ अघि बढेन ।

आजको विचार...



गोविन्द भट्टराई

पत्रकार..

(दुई पेजमा)

अघिल्लो वर्ष अभिनेत्री वर्षा सिवाकोटीको जीवनमा ठूलो उतार-चढाव आयो । लगनगाँठो कसेको ९ महिनामा उनले कानुनी रुपमा सम्बन्ध टुंग्याएकी थिइन् । यो घटनाले उनलाई नराम्रोसँग विथोलेको थियो । अब भने उनी फिल्ममा आफ्नो सक्रियता बढाउँदैछिन् । यतिबेला उनको पखाई फिल्म 'काजी'लाई लिएर छ । लक्ष्मण रिजालको निर्देशन तथा निर्माण रहने फिल्ममा वर्षाको जोडी अभिनेता विपिन कार्कीसँग बाँधिनेछ । 'काजी'कै लागि सम्झौता गरिसकेको फिल्म 'कामिनो' समेत छाडेकी वर्षा तत्काल अरु कुनै फिल्म सम्झौता गर्ने योजनामा छैनन् ।



❒ वर्ष २९ ❒ अंक १५७ ❒ २०८० पुस १९ गते बिहीबार 4 January 2024, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### उच्च अदालतमा ३९ न्यायाधीश नियुक्त

**पाल्पा,** पुस १८/न्याय परिषद्ले उच्च अदालतमा ३९ जना न्यायाधीश नियुक्त गरेको छ । परिषद्को बुधबार बसेको बैठकले जिल्ला अदालतमा कार्यरत मध्येबाट २६, न्याय सेवाका कर्मचारीबाट ४ र ९ जना कानुन व्यवसायीहरुबाट उच्च अदालतका लागि छनोट गरेको हो । परिषद्को निर्णयको आधारमा अब उनीहरुलाई प्रधानन्यायाधीशले शपथ गराउँछन् । बैठकले उच्च अदालतका १६ न्यायाधीशको सरुवासमेत गरेको छ ।

### आगो ताप्ने क्रममा जलेर एक महिला घाइते

**गुल्मी,** पुस १८/गुल्मी ईश्मा गाउँपालिका -६ अमरपुरमा आगो ताप्ने क्रममा जलेर एक महिला घाइते भएकी छन् । मंगलबार साँझ खाना पकाउने दाउराको चुलोमा आगो ताप्ने क्रममा जलेर अमरपुरकी ६९ वर्षीया मुना महत घाइते भएकी हुन् । अमरपुर घर भई सोही ठाउँको खाला स्थितमा विगत २ महिनादेखि नन्द नाता पर्ने सुमित्रा गिरीको घरमा बस्दै आएकी महत आगो ताप्ने क्रममा एक्कासी जलेर घाइते भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । प्रहरीका अनुसार उनले लगाएको सुतीको साडीमा अचानक आगो लागि दुबै खुट्टा जलेको छ । घाईते महतलाई जिल्ला अस्पताल तम्घासमा सामन्य उपचार पछि पाल्पा रिफर गरिएको छ । उनको दुबै खुट्टाको ३७ प्रतिशत भाग जलेको बताइएको छ ।

# आज नेपाल-भारत संयुक्त आयोगको बैठक बस्दै

## भारतीय विदेशमन्त्री जयशंकर नेपाल

हाम्रा संवाददाता


**पाल्पा,** पुस १८/ भारतीय विदेशमन्त्री एस जयशंकर आज नेपाल आउँदैछन् । नेपाल र भारतबीच बिहीबार परराष्ट्रमन्त्रीस्तरीय संयुक्त आयोगको सातौं बैठकमा भाग लिन परराष्ट्रमन्त्री एनपी साउदको निमन्त्रणामा उनी नेपाल आउन लागेका हुन् ।

संयुक्त आयोगको बैठक तथा राष्ट्रपति रामचन्द्र पौडेल, प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र समकक्षी साउदसँग बिहीबारै भेट सकेर उनी शुक्रबार दिल्ली फर्किने कार्यक्रम रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ । भारतीय वायु सेनाको विशेष विमानबाट उनको बिहीबार बिहान १० बजे नेपाल आउने कार्यक्रम रहेको परराष्ट्र मन्त्री एनपी साउदको सचिवालयले जनाएको छ । परराष्ट्रमन्त्रीस्तरीय आयोग दुई मुलुकबीचको सबैभन्दा माथिल्लो तहको संयन्त्र हो । प्रधानमन्त्रीको तहपछि नेपाल-भारतबीचको सबैभन्दा महत्त्वपूर्ण बैठकका रूपमा आयोगको बैठकलाई मानिन्छ । परराष्ट्र स्रोतका अनुसार यस पटक ऊर्जा सहकार्यबाहेक सीमा समस्याका विषयमा पनि छलफल हुनेछ। त्यस्तै पञ्चेश्वर बहुउद्देश्यीय परियोजनाका सम्बन्धमा पनि छलफल हुने बताइएको छ । बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहालको भारत भ्रमणका बेला भएका सम्झौताहरू कार्यान्वयनका विषयमा छलफल हुने छ । भ्रमणको क्रममा विद्युत व्यापार



सम्झौता, भारतले नेपाललाई दिँदै आएको साना सहयोग परियोजना अन्तर्गतको सहयोग, लगायतको विषयमा छलफल हुने सम्भावना रहेको बताइएको छ । नेपाल-भारत परराष्ट्र मन्त्रीस्तरीय संयुक्त आयोगको बैठक २०७७ माघ १ र २ गते नयाँ दिल्लीमा भएको थियो । यसपटक नेपालको आग्रहअनुसार नै नेपालमा हुन लागेको हो । परराष्ट्र मन्त्रालयले भारतीय विदेश मन्त्रीको सम्मानमा रात्री भोजको आयोजना गरेको छ । भारतीय विदेश मन्त्रीको भ्रमणको क्रममा १३२ केभीएका तीनवटा प्रसारण लाइनको उद्घाटन गर्ने तयारी पनि भएको छ । भारतको उत्तर प्रदेशसँग जोडिने नौतनवा-मैनाहिया प्रसारण लाइन, भारतको बिहार प्रदेशसँग जोडिने रक्सौल-परवानीपुर प्रसारण लाइन र कुशाहा-कटैया प्रसारण लाइनको दुवै देशका परराष्ट्र मन्त्रीहरूले संयुक्तरुपमा उद्घाटन गर्नेछन् । नेपाल र भारतबीच इनर्जी बैंक बनाउने विषयमा समेत छलफल हुने स्रोतले जनाएको छ ।

# रूख काट्ने क्रममा लडेर एक पुरुष घाईते




**गुल्मी,** पुस १८/रूख काट्ने क्रममा लडेर गुल्मीमा एक पुरुष घाइते भएका छन् । जिल्लाको रेसुङ्गा नगरपालिका -१४ राटामाटाका ५२ वर्षीय पुर्ण बहादुर पचभैया रुख काट्ने क्रममा रुखमा बककाधेको डोरीले उछिट्याउँदा घाइते भएका हुन् ।

उनी बुधबार बिहान आफ्नै भाई भोजबहादुर पचभैयाले सल्लाको रुख ढाल्ने क्रममा रुखमा बककाधेको डोरीले उछिट्याउदा १२ फिट तल कच्ची सडकमा खस्न जाँदा घाईते भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । उनको छातिको बाया तर्फको ५ वटा करङ र बाया तर्फको हिपको हड्डी फ्याक्चर भएको जिल्ला प्रहरी कार्यालय गुल्मीका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक डिल्लीनारायण पाण्डेले जानकारी दिए । उनलाई थप उपचारको लागि बुधबार दिउँसो भैरहवा मेडिकल कलेज रिफर गरिएको छ ।

# लुम्बिनीमा पर्यटक आगमन बढ्दै

**लुम्बिनी,** पुस १८/कोरोना महामारीका कारण सुस्ताएको बुद्ध जन्मस्थल लुम्बिनीको पर्यटनमा पछिल्लो वर्षमा उल्लेख्य सुधार देखिएको छ । कोरोनाकालमा लुम्बिनी भ्रमणमा आउन नपाएका आन्तरिक तथा बाह्य पर्यटक पछिल्लो समय उल्लेख्य बढ्दा कोरोनाले सुस्ताएको लुम्बिनीको पर्यटन लयमा फर्कन थालेको संकेत देखिएको छ ।



भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले लुम्बिनीको भ्रमण गरेसँगै यहाँ भारतीय पर्यटक पनि बढेका छन् । दुई वर्षअघि भारतीय प्रधानमन्त्री मोदीले बुद्धजयन्तीको अवसरमा लुम्बिनी भ्रमण गरेका थिए । त्यसयता मात्र लुम्बिनी आउने भारतीय पर्यटकको संख्या बढदो छ । भारतीय पर्यटकमात्र होइन आन्तरिक र तेस्रो मुलुकका पर्यटकको आगमन पनि पछिल्लो समय बढेको छ । भारतीय प्रधानमन्त्रीको लुम्बिनी भ्रमणपछि अहिलेसम्मकै सबैभन्दा बढी भारतीय पर्यटकले लुम्बिनीको भ्रमण गरेको लुम्बिनी विकास कोषले जनाएको छ । सन् २०२३ मा दुई लाख ६६ हजार पाँच सय १० भारतीय पर्यटकले लुम्बिनी भ्रमण गरेका छन् । सबैभन्दा बढी डिसेम्बर महिनामा ४० हजार आठ सय ४२ र नोभेम्बर महिनामा २८ हजार आठ सय २७ जनाले लुम्बिनी भ्रमण गरेका लुम्बिनी विकास कोषको तथ्याङ्क छ ।

यसअघि सन् २०२२ मा दुई लाख ३० हजार आठ सय ६३ भारतीय पर्यटकले लुम्बिनी भ्रमण गरेका थिए । यस अनुसार सबैभन्दा बढी डिसेम्बर महिनामा ४२ हजार एक सय १५ र नोभेम्बर महिनामा ३८ हजार छ सय ८९ जनाले लुम्बिनी भ्रमण गरेका लुम्बिनी विकास कोषको तथ्याङ्क छ । जबकि दुई वर्षअघि सन् २०२१ मा लुम्बिनी भ्रमण गर्ने भारतीय पर्यटकको संख्या जम्मा ४३ हजार सात सय ३२ र २०२० मा ३७ हजार २०६ जना भारतीय पर्यटक भ्रमणका लागि लुम्बिनी आएका थिए । 'यसअघि यति धेरै संख्यामा भारतीय पर्यटक लुम्बिनीको भ्रमणमा आएका थिएनन्', लुम्बिनी विकास कोषका सूचना अधिकारी राजन बस्नेतले भने, 'मोदीको भ्रमण लुम्बिनीको 'ब्रान्डिङ' गर्न सहयोगी बन्यो ।' मोदीको लुम्बिनी भ्रमणबाट लुम्बिनीको भारतभरि प्रचारप्रसारमा महत्वपूर्ण उपलब्धि भएको उनको भनाइ छ । भारतीयसँगै तेस्रो मुलुकका पर्यटकको आगमन पनि बढ्दो छ । सन् २०२२ मा जम्मा २३ हजार नौ सय ४२ तेस्रो मुलुकका पर्यटकले लुम्बिनी भ्रमण गरेका थिए । यो संख्या सन् २०२३ मा आइपुग्दा झण्डै तेब्बर बढी तेस्रो मुलुकका पर्यटकले लुम्बिनी भ्रमण गरेको लुम्बिनी विकास कोषको सूचना शाखाको तथ्याङ्कले देखाएको छ । कोषको तथ्याङ्कानुसार सन् २०२३ मा ७६ हजार दुई सय १० जना तेस्रो मुलुकका पर्यटक लुम्बिनी आएका छन् ।

*(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## राष्ट्रिय सभाको मर्यादा ख्याल गरौं

**राष्ट्रियसभा भनेको संसदीय व्यवस्थाको गहना हो । तल्लो सदन व्यवस्थापकीय कामका साथै सरकार गठन र उसमाथि 'चेक एण्ड ब्यालेन्स' गर्ने भूमिकामा हुन्छ भने राष्ट्रियसभाले चाहिँ प्रतिनिधिसभामा छुटेका वर्ग, समुदाय र प्रतिभाहरुलाई राष्ट्र निर्माणमा समेट्ने लक्ष लिएको हुन्छ । संसदीय मूल्यअनुसार राष्ट्रियसभाको सबैभन्दा ठूलो सौन्दर्य भनेको राष्ट्रिय जीवनमा महत्वपूर्ण योगदान पुऱ्याएका र ख्याती कमाएका प्रतिभाहरुको उपस्थिति हो, जसले दुबै सदनको गरिमालाई उच्च बनाउँछ । तर, व्यवहारमा भने राजनीतिक दलका नेताले पार्टीभित्रको अन्तरविरोधको भारी बिसाउने र नेता व्यवस्थापन गर्ने थलो बनाउँदै आएका छन् । यसपटक पनि काँग्रेस, एमाले र माओवादीमा राष्ट्रिय सभाको सदस्य बन्न पटक-पटक मन्त्री भइसकेका तथा प्रदेश र प्रतिनिधिसभाको निर्वाचनमा पराजित भएका अनुहारको दौडधुप बढी छ । आगामी माघ ११ मा हुने राष्ट्रिय सभाका १९ पदको निर्वाचनका लागि पुस २२ गते मनोनयन हुँदैछ । तर संविधानले प्रत्याभूत गरेको माथिल्लो सदनको ओज, गरिमा र भावनालाई धान्नेखालका उम्मेदवारहरु मैदानमा देखिएका छैनन् ।**

**पटक-पटक जनताले अस्वीकृत गरिसकेका, राजनीतिमा खासै भूमिका नरहेका, अवकास लिनुपर्ने उमेरका, धेरैपटक लाभको पदमा बसेर पनि कुनै उल्लेख्य काम गर्न नसकेका व्यक्तिहरू नै उम्मेदवारको चर्चामा रहेका देख्दा सर्वसाधारणमा भने यो चुनावप्रति खासै आकर्षाण देखिएको छैन । मर्यादित सभालाई जनअस्वीकृतहरूद्वारा परिपूर्ण गर्न खोज्नु यसको उद्देश्य विपरीत काम हो । यसो गर्नु संविधानकै बर्खिलापसमेत हो । राष्ट्रिय सभाको आफ्नै गरिमा र मर्यादा रहेको छ । त्यसको मर्यादालाई कायम राख्ने काम राजनीतिक दलहरुबाटै हुनुपर्छ । यसका लागि संविधानले परिकल्पना गरेअनुसारको उम्मेदवार छनोट गर्ने कुरामा राजनीतिक नेतृत्वले ध्यान दिन आवश्यक छ । जसका लागि बौद्धिक, सुझबुझपूर्ण, दिशानिर्देश गर्न सक्ने, दूरदर्शी व्यक्ति चयन गर्न सक्नुपर्छ । यसो गर्दा राष्ट्रिय सभाको गरिमा र मर्यादा रहन सक्छ, अन्यथा गुम्ने खतरा रहन्छ ।**

### Opinion @ Social Network

बुद्धिमान बन्नुहोस् अहंकारी होइन्
खुलेर बोल्नुस् तर अरूलाई हेपेर होइन् ।
(**विष्णु पाण्डेको फेसबुक स्टाटस** *https://www.facebook.com/Bishnu.Pandey* )


यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

सन्दर्भ : पत्रकार महासंघ पाल्पाको स्थापना दिवस

# पत्रकार महासंघ पाल्पा र पाल्पाली पत्रकारिता



**गोविन्द भट्टराई**

नेपाल पत्रकार महासंघ ( स्थापनाकालमा नेपाल पत्रकार संघ) को स्थापना कृष्णप्रसाद भट्टराईको नेतृत्वमा वि.सं.२०१२ (चैत १६ गते) भएको थियो भने पाल्पा शाखाको स्थापना मेघराज शर्माको नेतृत्वमा वि.सं. २०४९ (पुस १९ गते) भएको हो । केन्द्रमा संस्थापक सभापति भट्टराईदेखि वर्तमान अध्यक्ष विपुल पोखरेलसम्म २३ जनाले नेतृत्व गरेको पाइन्छ भने पाल्पामा शर्मादेखि वर्तमान अध्यक्ष रेखीराम रानासम्म ६ जनाले नेतृत्व गरेको अवस्था छ । साधन, स्रोतको अभाव त्यसमाथि सरकारी सञ्चार माध्यममा कार्यरत ( रासस, नेपाल टेलीभिजन र रेडियो नेपालको प्रतिनिधि) बाहेकलाई पत्रकार नठान्ने तत्कालीन परिवेशबाट हाम्रो समाज माथि उठे पनि हाम्रो कर्मले हामी प्रति समाजले औंला ठड्याउन थालेको छ । हाम्रा सवाल समाजलाई मार्गनिर्देश गर्न सक्षम थियो कुनै बेला भने अहिले हामी माथि सुचना प्रविधिको दास भएको अर्थात् कतैबाट परिचालित भएको भन्नेसमेत आरोप लाग्न थालेको छ । २० जना सदस्यहरुसहित स्थापना भएको नेपाल पत्रकार महासंघ पाल्पाको संस्थापक तथा २ कार्यकाल महासंघ शाखाको सभापतिको रुपमा शीर्ष नेतृत्वमा रहेर जिम्मेवारी वहन गरेका कारण पनि महासंघको स्थापना दिवसको अवसरमा महासंघ र पाल्पाल्पाली पत्रकारिताका विषयमा केन्द्रीयत रहेर यहाँ चर्चापरिचर्चा गर्ने प्रयास गरेको छु ।

साधनस्रोतका हिसाबले पाल्पा पिछडिएको भए पनि रचनात्मक कामका कारण हामी नमूना शाखाको पहिचान बनाउन त्यति बेलैं सफल भएको सम्झँदा गर्व लाग्दछ । नेपाल पत्रकार महासंघका तत्कालीन केन्द्रीय सभापति किशोर नेपालले तानसेनमा आयोजित केन्द्रीय समितिको बैठकमा पाल्पा शाखालाई अनुशासित, मर्यादित नमुना शाखा भनेर घोषणा गर्नुभएको थियो । महासंघ पाल्पाको संस्थापक शाखा सभापति मेघराज शर्मा र उपसभापति झपेन्द्र गहिरे हुनुहुन्थ्यो । विनयकुमार कसजूको सत्य साप्ताहिकको कार्यालय रहेको तानसेन भगवतीटोस्थित कुडुँलेघरमा महासंघ पाल्पा शाखाको खाकाबारे प्रारम्भिक वार्तालाप भएको थियो । यतिबेला पाल्पा शाखाले ३२ औं स्थापना दिवस महासंघकै सभाहलमा भएको हो । पुस १४ गते ( २०४९ पुस १४ मा भएको पत्रकारहरुको भेलाले तदर्थ समिति गठन गरेको दिनको सम्झनामा) पत्रकार मिलन तथा वनभोज कार्यक्रम आयोजना गरिएको थियो । स्थापनादेखि आजसम्म पाल्पा शाखाले विभिन्न गतिविधि सम्पन्न गरेको छ । क्रियाशिलताका कारण राजेशकुमार अर्याल अध्यक्ष रहेका बेला पुन: नमूना शाखाको रुपमा पाल्पा सम्मानित भएको छ । त्यसबारे छुट्टै चर्चा गरौंला । संस्थापक सभापति मेघराज शर्मापछि २ कार्यकाल नेतृत्वमा रहँदा भए गरेका कामबारे स्मरण गर्ने अनुमति चाहन्छु । वि.सं. २०५३ मा शाखा सभापतिमा निर्विरोध निर्वाचित भएलगत्तै अग्रज तथा अन्य पत्रकारहरुको





सहयोगसहित मेरो नेतृत्वमा पाल्पा शाखाले केही महत्वपूर्ण कामको थालनी गरेको थियो । विद्यालय अनि पत्रिकाको कार्यालयमा बैंठक बस्नुपर्ने अवस्था अन्त्य गर्न कार्यसमितिका साथीहरुले मासिकरुपमा रकम उठाएर शाखा कार्यालय सञ्चालन गरेका थियौं । शाखाका गतिविधि, पत्रकारिताबारे लेखरचना प्रकाशनका लागि मुखपत्रको रुपमा चौमासिक बुलेटिन प्रवाह प्रकाशन २०५४ वैशाखबाट सुरु भएको हो । केही अंक नियमित रुपमा चौमासिक हिसावले र पछि फरक ढंगले यो प्रकाशनले हालसम्म निरन्तरता पाएको छ । महासंघको भवन निर्माणका लागि त्यतिबेला तानसेन नगरपालिकासँग कुरा गरेर घडेरीको टुंगो लगाइएको थियो । त्यसैगरी उत्कृष्ट पत्रकारिता पुरस्कार र सिर्जनशील पत्रकारिता पुरस्कारको अक्षयकोष स्थापनाका लागि तानसेन नगरपालिका र तत्कालीन जिल्ला विकास समिति पाल्पाका नेतृत्वकर्ताहरु अशोककुमार शाही, झपेन्द्र जीसीसँग समन्वय र सहकार्य भएको थियो । सूचना प्रवाहका लागि फोनको व्यवस्थापनका लागि आन्दोलन समेत गरेका थियौं । केन्द्रले भन्दा अगाडि नै हामीले पत्रकार कल्याण कोषको अवधारणासहित कोष सुरुवात गरेका थियौं । अर्न्तक्रियात्मक वनभोज तथा सूचना संकलनका लागि स्थलगत भ्रमण अवलोकन कार्यक्रम सुरु गरिएको थियो । सवारी साधनको अभावमा रिर्पोटिङ्गमा क्रियाशील पत्रकारहरुलाई (सीमित संख्यामै भएपनि) पश्चिम नेपाल बस व्यवसायी समितिसँग समन्वय गरेर नि:शल्क यात्रा पासको सुरुवात शाखाले गरेको थियो । यी लगायत विभिन्न रचनात्मक गतिविधिका कारण महासंघलाई साझा र समावेशी संस्थाको रुपमा पहिचान कायम गर्न सकेका थियौं । हामीले सीमित साधन स्रोतका भरमा सुरु गरेका कामले त्यसबेला छिमेकी जिल्लाका शाखाहरुलाई समेत उत्प्रेरणा दिएको थियो ।

नेपाल पत्रकार महासंघ पाल्पामा झपेन्द्र गहिरे, भगवान भण्डारी, राजेशकुमार अर्याल र रेखीराम रानाको नेतृत्वसम्म आइपुग्दा भवन निर्माण, सीप विकासका लागि विभिन्न गतिविधि, महासंघको केन्द्रीय भेला र बैठक आयोजनालगायतका काम भएको पाइन्छ । ती कुराहरु पाल्पा शाखाको प्रकाशन प्रवाहले सुसूचित गराउँदै आएको छ र गराउने नै छ । हामीले शाखा स्थापनाको क्षणमा संस्थापकहरुलाई सम्मान गर्दै असल कर्मका लागि आत्मसमीक्षा गर्नुपर्ने खाँचो छ । हामी पत्रकार, समाजले हामीलाई जिम्मेवार वर्गको रुपमा आदर गर्दछ यद्यपि कतिपय अवस्थामा प्रकट हुने हाम्रै बोली र व्यवहारका कारण आलोचित हुनु परेको छ । भनिन्छ, एक/दुईले पिर्ने सिंगो वर्ग पिल्सिने ! यो सन्दर्भ चौथो अंगको रुपमा परिभाषित पत्रकारहरुमा समेत लागू भएको पाइन्छ । मैले पटक-पटक भन्दै आएको कुरा पुन: यहाँ जोड्न चाहन्छु- सञ्चार क्षेत्रमा क्रियाशील व्यक्ति होस् वा संस्थाको वर्तमान गतिविधि, बोली अनि व्यवहार सार्वजनिक हित र जवाफदेहीताप्रति जिम्मेवार हुन सक्नुपर्दछ । मुलत: हामी पत्रकारहरुले यो तथ्य मनन् गर्न आवश्यक छ । समयसँगै हिड्न सकिएन, कमिकमजोरी सुधार्न सकिएन र व्यवहारमा सकारात्मक रुपान्तरण भएन भने हामी सचेत वर्ग भनेर कसरी भन्न सकिएला ? मनन् गरौं । पाल्पा शाखाका संस्थापकहरु विनयकुमार कसजू, मेघराज शर्मा, गोविन्द भट्टराई, झपेन्द्र गहिरे, भरत शर्मा, गंगादेवी कसजू, मन गहिरे, देवीप्रसाद बस्याल, कृष्णप्रसाद आचार्य, दिनेशविक्रम थापा, बिष्णुकमार आचार्य, जुजुमोहन श्रेष्ठ, तेजबहादुर आलेमगर, मिनप्रसाद गैरे, श्रीकृष्ण नेपाल, डिल्लीराज अर्याल, प्रेम शाही, संघरत्न शाक्य, निर्मल न्यौपाने, जीवनप्रकाश नेपालको उत्तिकै भूमिका रहेको तथ्य स्मरण गर्दछौं । संस्थापक सभापति मेघराज शर्मा, पूर्व सभापति गोविन्द भट्टराई, पूर्व अध्यक्षहरु झपेन्द्र गहिरे, भगवान भण्डारी, राजेशकुमार अर्याल र वर्तमान अध्यक्ष रेखीराम रानासँगै विभिन्न कालखण्डका कार्यसमितिका पदाधिकारीको मात्र होइन साधारण सदस्यहरुको समेत गहन भूमिका रहेको छ र रहन्छ । दिवंगत भइसक्नुभएका संस्थापकद्वय विनयकुमार कसजू र कृष्णप्रसाद आचार्यको गुन स्मरण गर्दै उहाँहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

अन्त्यमा, विनम्र आग्रह छ– पुर्खाले गरेका असल कर्म इतिहासबाट सिकौं, आन्तरिक तथा बाह्य सुझाव र गुनासा मनन् गरौं अर्थात् सच्चिनु पर्ने भए सच्चिएर समुन्नत र सबल भविष्यको यात्रा तय गरौं । सक्षम बनौं, स्वाभिमानी बनौं कसैको टीकाटिप्पणीको पात्र नबनौं । नभुलौं, अहम वा क्षणिक आत्मतृष्टिका लागि हामीले सार्वजनिक रुपमा अभिव्यक्त तथा प्रशारण गर्ने आवाज, प्रकाशन गर्ने शव्द वा संकेतले हाम्रो निकृष्टतासमेत उजागर गरेको हुन्छ । यसर्थ, व्यावसायिकता वा पेसाका नाममा पत्रकारिताको धर्म र मर्मलाई नबिसौं ।

***(लेखक नेपाल पत्रकार महासंघ पाल्पाका सल्लाहकार तथा पूर्व सभापति/प्रवाह बुलेटीनका संस्थापक सम्पादक समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : पेसा व्यवसायका क्षेत्रमा उन्नति प्रगतिको राम्रो वातावरण बन्नेछ ।

**वृष** : व्यवसायको सन्दर्भमा रमाइलो यात्रा होला । सन्तानबाट सुख मिल्नेछ ।

**मिथुन** : प्रेमीको सहयोग प्राप्त हुनेछ। सांगीतिक क्षेत्रमा रुची बढ्नेछ ।

**कर्कट** : नयाँ कार्यको थालनी हुनेछ । एउटै कामबाट दोहोरो लाभ मिल्नेछ ।

**सिंह** : साना तिना समस्यामा अल्झिनुपर्ने देखिन्छ । तनाव बढेको महशुस हुनेछ ।

**कन्या** : साथीको सहयोग र हौसला मिल्नेछ । यात्राको योग रहेको छ ।

**तुला** : अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । कर्म प्रति रुचि बढ्नेछ ।

**वृश्चिक** : पर्यटकीय स्थलको भ्रमण हुनेछ । शुभ कार्यको चर्चा चल्नेछ ।

**धनु** : नयाँ र शुभकार्यको चर्चा चल्नेछ। चिताएको कामले तीव्रता लिनेछ ।

**मकर** : धार्मिक र सांस्कृतिक सभा समारोहमा सरिक हुने सम्भावना छ ।

**कुम्भ** : भौतिक साधन जुटाउने समय छ । रमाइलो यात्राको योग रहेको छ ।

**मीन** : प्रेमबिच खिन्नता बढ्नेछ । ताकेको काम नबन्नाले दिक्क लाग्नेछ ।




पौराणिक कथा — कमल रिजाल

# प्रकृति प्रेम



बिस्तारै शकुन्तला खेल्न मन पराउन थालिन् । हरेक दिन फुर्सद हुनासाथ बगैँचामा जान्थिन् । झुम्राको पुतली र माटाको भाँडाकुटी बनाएर खेल्थिन् । कहिले रुखबिरुवा गोडमेल गर्थिन् । कहिले उनीहरूको फेदमा पानी हाल्ने गर्थिन् । चराचुरुङ्गीका लागि भनेर आश्रममा पूजा गरेर बाँकी रहेको अक्षता चौरमा छर्ने त उनको नियमित दिनचर्या नै बनेको थियो । त्यसैले उनलाई देख्नासाथ उनीहरू अगाडि झुम्मिने गर्थे । बिस्तारै मृगशावकहरूसमेत काखमा लुटपुटिन थाले । कहिले बुई चढ्थे । कहिले काँधमा चडेर उफ्रन्थे । कहिले टाउकोले र कहिले थुतुनोले कोट्याउने गर्थे । उनी मायालु पाराले उनीहरूलाई सुमसुम्याउँथिन् । उनीहरूका आमाहरू चाहिँ नजिकै बसी रमाइलो मानेर हेरिरहेका हुन्थे ।

'सखी आम्रमञ्जरी ! तिमीहरूले हामीलाई कति सेवा गरेका छौ हगि । कहिले फल दिन्छौ, कहिले फूल दिन्छौ । जति पनि फलाउँछौ फुलाउँछौ सबै अरूलाई दिन्छौ, अरूलाई नै लुटाउँछौ तर यसबापत कहिल्यै केही मागेका छैनौ । तिमीहरूका पनि आवश्यकता हुँदा हुन् तर तिमीहरूले न मागेका छौ न हामीले दिएका छौ । हामी मानिसको जातै त्यस्तै नमागी दिनै नजान्ने । हुन सक्छ कहिले मागेपछि पनि दिएका छैनौँ होला । अझ हुन सक्छ कहिले मागिहाले पनि गाली गरेर रित्तो हात फर्काउने गरेका पनि हौँला तर तिमीहरू त्यस्ता छैनौ । धन्यवाद छ तिमीहरूलाई । तिमीहरूका भावनालाई ।' एक दिन आम्रमञ्जरीलाई सुमसुम्याउँदै शकुन्तलाले भनिन् । 'लौन के कुरा गऱ्या त्यस्तो धन्यवाद लिने र दिने सखी ? हामीले पनि अरूले दिएको चीजै त दिएका हौँ नि । यसबाहेक के गरेका छौँ र ? के माता प्रकृतिले नदिएकी भए दिन सक्थ्यौँ र ? त्यसैले दिने नै भए प्रकृतिलाई दिनुपर्छ । धन्यवादको हकदार उनै हुन्, हामी होइनौँ । हामीले त आफ्नो कर्म गरेका हौँ । प्रकृतिले जुन काम गर्न खटाएको थियो सोही काम गरेका न हौँ ? त्यति पनि गर्न नसके प्राणी शरीर पाउनुको के नै अर्थ रह्यो र ? के हामीलाई यो शरीर अरूले नै दिएको होइन र ? अरूले दिएका हुन् भने अरूकै लागि दिएको होइन र ? जब अरूले दिएका हुन् र अरूकै लागि दिएको हो भने त्यति पनि नगरेर के गर्ने ? त्यसैले हामीले यसबापत मागेका पनि छैनौँ, माग्दा पनि माग्दैनौँ र त्यस्तो आशा गर्दा पनि गर्दैनौँ । हो, तिमीले भनेको ठीक हो । मानिस सकेसम्म लिन चाहन्छन् । दिन कोही पनि सितिमिति चाहँदैनन् तर तिमी र तिम्रो आश्रम त्यस्तो छैन । स्याहार पाएका छौँ, सुसार पाएका छौँ । सबैभन्दा बढी संरक्षण पाएका छौँ । भगवान्ले रक्षा गरून् यस आश्रमलाई, लामो आयु दिउन् तिमीलाई ।' आम्रमञ्जरीले कृतज्ञता प्रकट गरी । 'सखी ! तिमीहरूलाई चाहिँ केही चाहिएको छ भने भन है । हामीले त आश्रय मात्र दिएका हौँ । आवश्यकता केकस्तो छ सोधेका छैनौँ । प्रकृतिले जे दिएको छ त्यसैमा सन्तुष्ट छौ । भरपेट खान पनि पाएका छौ कि छैनौ तर कहिले पनि गुनासो गरेका छैनौ । प्राणी हौ दुःख्नुपिर्नु पनि हुँदो हो । बिरामी पनि पर्दा हौ । हामी मानिस पातलो दिसा आउनासाथ जडीबुटी खोज्न थाल्छौँ तर तिमीहरूले उपचार खोजेको कहिल्यै थाहा पाएका छैनौँ ।' शकुन्तलाले मृगशावकका आमाहरूको भावना जान्न चाहिन् । 'होइन केही चाहिएको छैन । राम्रो आश्रय पाएका छौ यही नै ठुलो कुरा हो । प्रायः मानिस हाम्रो वासस्थान नै डडाइदिने गर्छन् । देख्नासाथ गुलेली ताक्ने पनि छन् । हतियार उठाउने पनि छन् तर यहाँ त्यस्तो छेन । यस अर्थमा आफूलाई भाग्यमानी ठानेका छौँ । ऋषि आश्रममा आरामले बस्न पाएका छौँ । कहिल्यै असुरक्षा अनुभव गर्न परेको छैन । त्योभन्दा पनि खुसीको कुरा त के भने हाम्रा शावकहरूले तिमीजस्ती साथी पाएका छन् । तिम्रा काखमा खेल्न पाएर मख्ख छन् । योभन्दा ठुलो कुरा के हुन्छ ? धन्यवाद छ यस आश्रमलाई आशीर्वाद छ तिमीलाई । कहिल्यै दुख्नुपिर्नु नहोस् । लोकले मानून्, रानी बनेर बस्न पाएस् ।' मृगशावकका आमाहरूले आशीष दिए । 'हे चराचुरुङ्गी भाइबहिनी ! तिमीहरूको अवस्था के कस्तो छ कुन्नि ? कुनै दुःख पो छ कि ? अथवा हुन सक्छ हामीले नै दुःख दिएका पो छौँ कि ? हेर न हामी मानिसको जात कस्तो ? प्रकृतिलाई आफ्नै पेवा ठान्छौँ र मन लाग्दी गर्छौं । प्रकृति साझा हो, सबैको समान हक लाग्छ भन्ने सोच्नै भ्याउँदैनौँ । माफी चाहन्छु यसप्रति । मानिस भएको नाताले जोजसबाट भएको भए पनि यस्तमा ज्यादतीको माफी मैले नै मागेँ है ।' शकुन्तलाले चराचुरुङ्गीहरूसित माफी मागिन् । 'होइन होइन त्यस्तो केही भएको छैन । पहिले त हामीलाई शंका नलाकेको होइन । तिमीहरू पनि अरूजस्तै हौ कि भनेर निकै सतर्क भयौँ । सकेसम्म लुकेर हिँड्यौँ । देख्नासाथ भाग्ने गर्थ्यौँ । गुड पनि नदेख्ने ठाउँमा बनाउँथ्यौँ । कदाचित कसैले देखिहाले भने त्यहाँबाट अन्यत्रै सर्थ्यौं, सार्ने गर्थ्यौँ तर अब त्यस्तो छैन । हामीले तिमीलाई पनि चिनिसकेका छौँ । तिम्रा आश्रमलाई चिनिसकेका छौँ । तिमीहरूको साथ पाएर ढुक्क छौँ । बच्चाहरू पनि खुसी छन् । त्यसैले अन्यत्र हुने बन्धुबान्धवहरूलाई पनि सकेसम्म यतै आउन भन्ने गरेका छौँ । आशीष तिमीलाई लिएर खान नपरोस्, सकेसम्म दिएर खान पाएस् ।' चराचुरुङ्गीले हर्ष प्रकट गरे । शकुन्तला वनपैदावर र वन्यजन्तुहरूसँग यस्तै कुरा गर्दै थिइन् । आश्रमबाट बाबा कण्वले बोलाएकाले त्यतै लागिन् ।

*-रातोपाटी डटकम*


रैनादेवी छहरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छहरा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

## आशय पत्र सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८०/०९/१९**

मिति २०८०/०७/१४ गते नव-जनचेतना राष्ट्रिय दैनिक र मिति २०८०/०७/२४ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना तथा www.bolpatra.gov.np/egp समेत प्रकाशित सूचना अनुसार रीतपूर्वक पेश भएका बोलपत्रहरु मध्ये तपसिल ठेक्का नम्बर र बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिम सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| ठेक्का नं | आयोजनाको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ कर बाहेक पि.एस. सहित) |
|---|---|---|---|
| RRM/PAL/W/N CB-03/2080-81 | Upgrading of Tangsingal-Somadi-Siddeshwor Road | कोटदरबार इन्जिनियरिग एण्ड डेभलपर्स प्रा.लि., बागडोल, ललितपुर | रु. ३६,९०,०७०.२८ |
| RRM/PAL/W/N CB-05/2080-81 | Upgrading of Myalcheda-Jyamire-Budhidamar-Jogdamar Road | स्वस्तिका सक्षम निर्माण सेवा, सैनामैना-१०, रुपन्देही | रु. ४०,५२,१६८.४० |

**प्रमुख प्रशासकीय अधिकृत**


निबन्ध — भागवत् खनाल

# मान्छे

*प्रवचन दिने सन्त जस्तो देखिने मान्छेले भन्यो, 'यो त हामीले एउटा प्रयोग गरेको मात्र हो । मनुष्यको मूल प्रवृत्तिको व्यावहारिक परीक्षण ।' 'योग वाशिष्ठ ?' भन्दछ, 'भोगरूपी चोरले अज्ञानरूपी रातमा आत्मारूपी धनको चोरी गर्दछ । लक्ष्मीको अभावमा मन व्याकुल हुन्छ । धन आर्जन गर्ने तीव्र अभिलाषा मनुष्यको सामान्य प्रवृत्ति हो । धनको प्राप्तिले अहङ्कारको प्रस्फुरण हुन्छ । कदाचित अर्जित धनको नाश हुन गयो भने चित्तमा तृष्णारूपी अन्धकार छाउँछ । यसरी लक्ष्मीरूपी वायुले ज्ञानरूपी बादललाई उडाएर लैजान्छ । तथापि प्रायः प्रत्येक मान्छेमा लक्ष्मीप्रति मोह नै हुन्छ ।'*

एका देशको घटना हो । एक दिन बस्तीका सारा मानिस जम्मा भएर बैठक गरे । के कारणले गर्दा जीवन दुःखदायी छ ? वृहत् छलफल भयो । निचोड के निस्क्यो भने समस्त दुःखहरूको कारण ईर्ष्या, आशक्ति र आपसी प्रतिस्पर्धा नै हो । सभाले सारा ईर्ष्या, आशक्ति, प्रतिस्पर्धा, दानवीय प्रवृत्ति र अमङ्गललाई आ-आफ्नो घरभित्रको अँध्यारो कोठरीमा थुन्ने सर्वसम्मत निर्णय गऱ्यो । बेलुका घर पुगेर सबैले आआफ्ना समस्त स्वार्थी प्रवृत्ति र अमङ्गलहरूलाई अँध्यारो कोठरीमा थुनिदिए । त्यो साँझ कुनै घरमा पनि कलह भएन । समग्र मानसिक कलुषता, द्वेष र क्लेशबाट मुक्त जनमानस अपूर्व आनन्दले सुत्यो । अर्को दिन बिहान सबेरै एक जना धर्मभिरू वृद्ध उठेर मन्दिरतिर लागे । बाटो पूरै खाली थियो । उनी त्रिदेवीको मन्दिरमा पुगे । आश्चर्य ! मन्दिरको मूलद्वार नै बन्द थियो । त्यहाँ महालक्ष्मीको कीर्तन गर्ने कोही थिएन । महाकालीलाई बलि दिएर तात्तातो रगत चढाउने कोही थिएन । त्यहाँ महासरस्वतीको अर्चना गर्दै 'या कुन्देन्दु तुसारहार धवला या शुभ्रवस्त्रावृता' गान गर्ने कोही थिएन । लाग्दथ्यो, कि त बस्तीका सारा मानिसको सामूहिक मृत्यु भयो, या सबैका समस्त कामना पूरा भएको हुँदा देवीको आराधनाको प्रयोजन नै सकियो । वृद्ध बस्तीतिर फर्के । त्यहाँ कुनै गतिविधि थिएन । चौतर्फ सन्नाटा नै सन्नाटा । कतै पनि शंख घण्ट बजेको सुनिदैन । जनावरहरू भोक र तिर्खाले 'बाँ बाँ' कराइरहेका छन् । कुखुराहरू खोरभित्र छटपटाइरहेका छन् । मानिसहरू बिहान निद्राबाट नबिउँझेका होइनन्, जागा नभएका होइनन् । अब उनीहरू सामु सबेरै उठ्नुको प्रयोजन थिएन । तातो ओछ्यान छाडेर जाडोमा सिउसिउ गर्दै बाहिर दगुर्ने कुनै हतारो थिएन ।

जीवनमा आकांक्षा थियो र न बिहान उठ्नुको मतलब हुन्थ्यो । प्रतिस्पर्धा थियो र न जाँगर थियो । ईर्ष्या थियो र न अरूभन्दा उम्दा बनेर देखाउने उत्कण्ठा थियो । सबैका सामु म पनि केही हुँ भनेर देखाउनु थियो र न उत्कृष्ट बन्ने उत्कट अभिलाषा थियो । पल्लो घरको छिमेकीका छोराछोरीभन्दा आफ्ना छोराछोरीलाई प्रतिभावान् र चेतनशील बनाउने सपना थियो र न बिहानै उठाएर पढाउनुको प्रयोजन थियो । केही माग्नु थियो र न मन्दिरका द्वार खोलेर देवीको दर्शन र उपासना गर्नु जरुरी पथ्र्यो । सारा आकांक्षालाई गण्डकीमा सेलाएर सुतेपछि बातै खत्तम । साराका सारा प्रतिस्पर्धालाई तिलाञ्जली दिएपछि केका लागि रडाको गर्नु । समस्त अमङ्गलहरूलाई अँध्यारो कोठरीमा थुनेपछि कुन मङ्गलका लागि देवीको स्तुति र आराधना गर्नु । आप्त कामले कुन कामना पूर्ण गर्न त्रिदेवीको अर्चना गर्नु ? यो त भयो एका देशको घटना । वास्तविक जीवन त्यस्तो हुँदैन । सबैजना बुद्ध बने भने बुद्धलाई कसले खान दिने ? सबै मानिसहरू आधा रातमा घरबार परित्याग गरेर वनको बाटो लागे भने ? सृष्टि नै अवरुद्ध हुनेछ । तथापि मूल प्रश्न के हो भने किन प्राप्ति सधैँ अपर्याप्त हुन्छ ? किनकि जीवन पूर्ण बन्न चाहन्छ । मान्छे अर्को मान्छेको तुलनामा ज्यादा विद्या, बुद्धि,चातुर्य र धनको स्वामी बन्न चाहन्छ । सारा अपूर्णताको समाप्ति चाहन्छ मान्छे । अविरल यात्रा हो जीवन, जो आज जहाँ छ, भोलि पनि त्यहीं अडिन सक्दैन । आज तपाईं जहाँ हुनुहुन्छ त्यहीं सन्तुष्ट हुनुभयो भने के हुन्छ ? कुन कर्म गर्न बाँकी रहन्छ ? पूर्ण सन्तुष्टि भनेको इच्छाको समाप्ति हो । इच्छाको समाप्ति भनेको शक्तिको समाप्ति हो । एउटा डबलीमा दुई जना जँड्याहा कलह गरिरहेका थिए । बाबुआमाको नाममा गालीको वर्षा भइरहेको थियो । दुबैका हातमा धारिला चक्कु थिए । दुईबिचको दूरी एक गज मात्र थियो । कमिजको बाहुला कुहिनामाथि, आँखा राता राता र नाकबाट सिँगान बहिरहेको । 'तेरो भेजा निकाल्छु । तेरो मुटु यसरी फोर्छु, जसरी भीमले दुःशासनको फोरेका थिए ।' त्यो विकराल झगडा हेर्न असंख्य मानिस जम्मा भए । अब हान्छ तब हान्छको स्थिति थियो । एउटाले धकेल्यो, अर्कोले झनै ठुलो धक्का दियो । एउटा जोडले भूमिमा पछारियो । ऊ धूलो झार्दै जुरुक्क उठ्यो र कालभैरव झैँ हुङ्कार गर्दै दौडेर आयो । अब हान्छ, एक सेकेन्ड मात्र'.। तर आश्चर्य ! उसले हानेन । चिच्याएर बोल्यो, 'तैँले के ठानेको हँ आफूलाई ?' मानिसहरू कम्पित स्वरमा भन्दै थिए, 'अब जे पनि हुन सक्छ ।' अलि पर चौतारीमा एक जना सन्त जस्तो देखिने मान्छेले समाजमा शान्ति, सद्भाव, करुणा र सत्यको आवश्यकताबारे प्रवचन दिँदै थियो । 'संसारमा दुःख छ, किनकि यहाँ ईर्ष्या र द्वेष छ । सारा कलहको कारण नै आशक्ति, अभिमान र लोलुपता हो ।' सन्त अविरल बोलिरहेको थियो, तर त्यसमा कुनै रस थिएन । रस त उता झगडातिर थियो । आकर्षण सम्भावित हिंसातिर थियो । अपशब्द, निन्दा र प्रहारमा मजा थियो । श्रोताहरू एक एक गरेर उतै गए । अन्तमा सन्तको निकटमा दुई जना कानले नसुन्ने वृद्धहरू मात्र बाँकी रहे ।

निकै बेरसम्म बीभत्स अभिनय गरेपछि दुवै जना लडाकु शान्त भए । उनीहरू प्रवचन दिइरहेको मान्छेको अगाडि आएर बसे । कत्रो आशाले दुई जना पहलमानहरूको मल्लयुद्ध हेर्ने मौका मिलेको थियो । न त कसैको हातखुट्टा भाँचियो, न आँखा नै फुट्यो । जनसमूह अत्यन्त निराश भयो । प्रवचन दिने सन्त जस्तो देखिने मान्छेले भन्यो, 'यो त हामीले एउटा प्रयोग गरेको मात्र हो । मनुष्यको मूल प्रवृत्तिको व्यावहारिक परीक्षण ।' 'योग वाशिष्ठ ?' भन्दछ, 'भोगरूपी चोरले अज्ञानरूपी रातमा आत्मारूपी धनको चोरी गर्दछ । लक्ष्मीको अभावमा मन व्याकुल हुन्छ । धन आर्जन गर्ने तीव्र अभिलाषा मनुष्यको सामान्य प्रवृत्ति हो । धनको प्राप्तिले अहङ्कारको प्रस्फुरण हुन्छ । कदाचित अर्जित धनको नाश हुन गयो भने चित्तमा तृष्णारूपी अन्धकार छाउँछ । यसरी लक्ष्मीरूपी वायुले ज्ञानरूपी बादललाई उडाएर लैजान्छ । तथापि प्रायः प्रत्येक मान्छेमा लक्ष्मीप्रति मोह नै हुन्छ ।' एक दिन देवघाटमा काली र त्रिशूलीको सङ्गम नजिकै बसिरहेको थिएँ । अलि परतिर दुई जना विद्यार्थी किशोरहरू आपसमा झगडा गर्दै थिए । अपशब्द र गालीगलौजको सीमा थिएन । सायद संस्कृत पाठशालाका छात्र थिए उनीहरू । लामो लामो टुप्पी हल्लाउँदै हानाहान नै गर्न थालेपछि केही पर उभिएका तीन जना प्रहरीहरू युद्धस्थलमा आइपुगे । दुई जना सिपाहीले एक एक केटाको कठालो समाते । हवलदारले सोध्यो, 'केको झगडा हो यो ? किन तमासा गरेको ?' एउटा ठिटोले भन्यो , 'मैले गण्डकीको च्याप्टो ढुङ्गामा गम्छा धोइरहेको थिएँ । यसले 'हट् ! त्यो त मेरो ढुङ्गो हो' भन्यो । मैले भनें, 'नदीको ढुङ्गो पनि कसैको निजी हुन्छ ?' यसले फेरि भन्यो, 'हुन्छ नि मैले सधैँ लुगा धुने गरेको ढुङ्गो हो । तैँले अर्को कुनै ढुङ्गो पाइनस् र मेरै ढुङ्गोमा आँखा गाडिस् ?" हवल्दार अचम्ममा पऱ्यो । गण्डकीको ढुङ्गोमाथि स्वामित्वको कलह ? नदीमा पनि सुकुम्वासीको कब्जा ? हबलदार चिच्यायो, 'होइट्ट केटाहरू ! तिमी कस्तो पण्डित हुने हौ हँ भविष्यका ?' सिपाहीले सोध्यो, 'यसलाई के गर्ने साब ?' हबलदारले भन्यो, 'यो ठिटो हाम्रो भविष्यको धरोहर हो । भविष्यको नासोलाई कारबाही गर्ने कानुन छैन । यसलाई छाडिदे ।' कहिलेकाहीँ मनभन्दा पनि भित्र गहिराइमा कतै उत्ताल तरङ्ग उठ्दछन् । ती उतार-चढावको अवलोकन गर्दछु बुद्धिको माध्यमले । हमेसा मनमा 'मान्छे'को बिम्ब खेलिरहन्छ । बिम्बमय मनभित्र कहिले आफै नाचेको देख्छु र कहिले अरू नरनारी नाचेको । बाह्य चेतनाले भन्दछ, 'सत्य, करुणा र विवेक बिनाको जिन्दगी के जिन्दगी ।' परन्तु मेरो अन्तश्चेतनाले म आफै को हुँ भन्ने कुरा खुब राम्रोसँग जानेको छ । 'आफैले चिनेको आफू'लाई सबैका सामु चिनाउन कठिन हुँदो रहेछ । ढोङ, आडम्बर र पाखण्ड नगरीकन यस दुनियाँमा जिउन पनि त कठिन छ । भोक, तिर्खा र थकानले ग्रस्त मनुष्यलाई ज्ञानका कुरा सुनाउने वक्ताप्रति व्यङ्ग्य गर्दै एक जना महोदय भन्दै थिए, 'सज्जन छोरालाई बाबुले उपहास गर्ने समय हो यो ।' सायद सज्जन भनेको कमाइको चिन्ता नगर्ने मानिसलाई होला । सम्पदा, सत्ता र शक्तिको प्राप्ति भई हाले पनि अभिमान नगर्ने मान्छेलाई होला । सादगी र सत्कर्मको मार्ग अपनाउँदै परिश्रम गर्ने व्यक्तिलाई होला । परन्तु त्यस्तो सज्जन मान्छेलाई ठगेर दौलत जम्मा गर्ने दुर्जन मान्छेले उल्टै खिसी गर्दछ । महोदयले अर्को घतलाग्दो कुरा पनि भने, 'जीवनको नश्वरता बुझ्ने, परिश्रम गर्ने, कम सामा, कम खाना र कम नानामा चित्त बुझाउने गैर कम्युनिस्टलाई छट्टु कम्युनिस्टले गिज्याउने समाज हो यो ।' आफूभन्दा अगाडीको लाइन लामो देखेर हतोत्साहित हुन्छ मान्छे । पशुपतिको दर्शन गर्ने गएको मान्छे पनि लाइन मिच्न प्रवृत्त हुन्छ । ऊ पशुपतिमा अगाध आस्था राख्दै भन्छ, 'महादेवको तेस्रो आँखाले हाम्रा सारा गतिविधिको निरीक्षण गरिरहेको हुन्छ ।' परन्तु जब आफैले पालो मिच्ने मौका आउँछ, शिवजीको तेस्रो आँखा पनि बिर्सिदिन्छ मान्छे । मान्छेको आवश्यकता सानो छ, तर आकांक्षा ठुलो । जति धेरै माल र मित्र, त्यति नै धेरै झमेला । तर मान्छेले बुझ्दैन, बुझ्ने चेष्टा नै गर्दैन । कति वर्ष पुग्नुभो तपाईं ? तिस, चालिस, साठी या असी ? कसरी बिते दिन ? चरो उडेझैँ उडेर गयो हैन त जोबन ? अब जे बाँकी छ, त्यो पनि भुरुरु उडेर जानेछ । मान्छेको जीवनको एउटा अविरल प्रवाह, जुन प्रवाहको कुनै भौतिक बनोट छैन ।

*-साहित्यपोष्ट डटकम*

# आगलागी पीडितलाई पाल्पा ग्याँस संघको पहलमा सहयोग




**पाल्पा,** पुस १८/तानसेनका एक आगलागी पीडितलाई पाल्पा ग्याँस डिलर्स संघको पहलमा आर्थिक सहयोग जुटेको छ । तानसेनको बर्तुङ्गमा होटल व्यवसायी गर्दै आएका दुर्गाबहादुर श्रेष्ठलाई संघको पहलमा आरती ग्याँस उद्योग प्रालिले आर्थिक सहयोग गरेको हो ।

श्रेष्ठको गत वैशाख १३ गते ग्याँस सिलिण्डरबाट आगलागी हुँदा होटल पूर्णरुपमा लजेर क्षति पुगेको थियो । पीडित श्रेष्ठलाई ग्याँस डिलर्स संघले पहल गरी आर्थिक सहयोग प्राप्त भएको हो । ग्याँस उद्योगले श्रेष्ठलाई एक लाख ५० हजार आर्थिक सहयोग गरेको छ । प्राप्त उक्त सहयोग रकम संघले तानसेनमा एक औपचारिक कार्यक्रम गरी हस्तान्तरण गरेको हो । संघका अध्यक्ष पर्शुराम पौड्याल र ग्याँस उद्योगका प्रतिनिधि युवराज सेडाइले उक्त सहयोग रकमको चेक पीडित श्रेष्ठलाई हस्तान्तरण गरेका हुन् । उद्योगले यस अघि ५० हजार र अहिले एक लाख रकम दिएको संघले जनाएको छ । रकम हस्तान्तरण गर्दै संघका अध्यक्ष पौड्यालले पीडित परिवारप्रति ग्याँस उद्योगले देखाएको सहयोग र सद्भाव प्रशंसनिय रहेको बताए । उनले ढिलाई भएपनि पीडितलाई सहयोग गर्न सकिएको धारणा व्यक्त गरे । अध्यक्ष पौड्यालले विविध कारण क्षतिपूर्ति दिन ढिलाई भएको र आगामी दिनमा तत्काल घटनाको निरीक्षण गरी क्षतिपूर्तिको व्यवस्था गरिने समेत बताए ।

उनले थोत्रा, डेट सकिएका सिलिण्डर पाल्पामा नपठाउन उद्योगलाई आग्रह गरे । हाइड्रोलिक टेस्ट गरेर मात्रै सिलिण्डर बजारमा पठाउन र उद्योगबाटै जनचेतना कार्यक्रम गर्न आवश्यक रहेको पनि औल्याए । कार्यक्रममा निवर्तमान अध्यक्षय राजेन्द्रबहादुर बज्राचार्यले उद्योगहरुले बिमा छ भन्ने तर क्षतिपूर्ति दिन आनाकानी गर्ने गरेको बताए । उनले ग्याँस उपभोक्ताहरुलाई यसरी नठग्न आग्रह गर्दै आगामी दिनमा सबै सिलिण्डरको बिमा गरेर मात्र बजार पठाउन आग्रह गरे । रकम ग्रहण गर्दै पीडित श्रेष्ठले ढिलो भएपनि क्षति पूर्ति पाउन सफल भएको भन्दै त्यसका लागि पहल गर्ने संघलाई धन्यवाद दिए । कार्यक्रम संस्थाका अध्यक्ष पर्शुराम पौडयालको अध्यक्षता, सचिव अजयबहादुर श्रेष्ठको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# लुम्बिनीमा पर्यटक...

...यसमध्ये सबैभन्दा धेरै सार्क मुलुक अन्तर्गतको श्रीलङ्काबाट सोह्र हजार एक सय ७२ जना पर्यटकले लुम्बिनी भ्रमण गरेको सूचना शाखाले जनाएको छ । त्यसपछि थाइल्याण्डबाट १५ हजार सात सय २१, भियतनामबाट १० हजार चार सय १४ र म्यानमारबाट १० हजार तीन सय ७० जनाले लुम्बिनी भ्रमण गरेको तथ्याङ्क रहेको छ । यसबाहेक चीनबाट छ हजार एक सय १३, दक्षिण कोरियाबाट पाँच हजार तीन सय दुई, जर्मनीबाट दुई हजार एक सय ९८, कम्बोडियाबाट दुई हजार एक सय ४९ जनाले भ्रमण गरेका छन् । सन् २०२१ मा जम्मा एक हजार एक सय ९७ जना तेस्रो मुलुकको पर्यटक लुम्बिनी पुगेका थिए । यो संख्या सन् २०२२ मा कैयौं बढेर २३ हजार नौ सय ४२ पुगेको थियो भने त्यसको तीनगुणा बढी सन् २०२३ मा ७६ हजार दुई सय १० पुगेको छ । विदेशी पर्यटक अधिकांश भियतनाम, जर्मनी, फ्रान्स, चीन, रसिया, स्पेन, थाइल्याण्ड, युके र अमेरिकाका रहेका छन् । यीबाहेक तीन दर्जन बढी देशका पर्यटक पनि लुम्बिनी आएका छन् ।

**आन्तरिक पर्यटक पनि बढे**

लुम्बिनी विकास कोषले उपलब्ध गराएको तथ्याङ्कअनुसार कोभिड महामारीका कारण बर्सेनि लाखौंको संख्यामा लुम्बिनी भ्रमणमा आउने आन्तरिक पर्यटक पनि ठप्पजस्तै रहेको थियो । कोभिड महामारी सुरु हुनु पहिले सन् २०१९ मा लुम्बिनी भ्रमणमा ११ लाख ७८ हजार एक सय ४० आन्तरिक पर्यटक आएका थिए । तर कोभिड सुरु भएपछि यो संख्या घटेर सन् २०२० मा दुई लाख १० हजार ३३ जना पुगेको थियो । कोभिडको संक्रमणमा केही सुधार आएपछि भने लुम्बिनी भ्रमणमा आउने स्वदेशीको संख्यामा केही सुधार आएको देखिन्छ । यसअनुसार सन् २०२१ मा चार लाख ६३ हजार नौ सय ६३ जनाले भ्रमण गरेका थिए । यो संख्या क्रमस: बढेर सन् २०२२ मा छ लाख ४९ हजार ७८ र सन् २०२३ मा आइपुग्दा लुम्बिनी भ्रमणमा आउने स्वदेशी पर्यटकको संख्या बढेर छ लाख ५६ हजार दुई सय १८ पुगेको विकास कोषका सूचना शाखाको तथ्याङ्क रहेको छ । कोरोनापछिको अवस्थामा आन्तरिक तथा भारतीय पर्यटकसँगै तेस्रो मुलुकबाट आउने पर्यटकको संख्या विस्तारै बढ्ने क्रममा छ । तर अपेक्षाकृत बढ्न नसकेको विकास कोषको सूचना अधिकृत बस्नेतले बताए । ‘पहिलाजस्तो तेस्रो मुलुकबाट पर्यटकको आगमन भएको छैन’, उनले भने, ‘तर कोरोना समयभन्दा अहिले केही सुधारोन्मुख देखिएको मात्र हो ।’ स्थलमार्गबाट लुम्बिनी आउने पर्यटकका लागि नेपाल-भारत सीमानाका सुनौलीमा नेपालतर्फको आगमनलाई केही व्यवस्थित गराउनुपर्ने उनको सुझाव छ । यसका साथै मुख्यराजमार्ग निर्माणाधीन अवस्थामा हुँदा आवागमनमा समस्या मानेर पनि लुम्बिनी आउने पर्यटक अपेक्षाकृत बढ्न नसकेको उनको भनाइ छ ।

**पर्यटक बढे, बसाइ लम्ब्याउने योजना छैन**

पर्यटकको आगमन केही बढे पनि उनीहरुको बसाइ लुम्बिनीमा हुने गरेको छैन । प्राय: सबै पर्यटक भारतीय ट्राभल एजेन्सीमार्फत आउने र सोही दिन भारतमै फर्किने गरेका छन् । गौतमबुद्धसँग जोडिएको अन्य तीर्थस्थल पर्यटकको रोजाइमा पर्ने गरेको छैन । वृहत्तर लुम्बिनी अन्तर्गत पर्ने तिलौराकोट, निग्लिहवा, गोटिहवा, सगरहवा, गौतमबुद्धको मावली देवदह एवं रामग्राममा अधिकांश पर्यटक पुग्नै पाउँदैनन् । ‘भारत हुँदै लुम्बिनी आउने पर्यटक समूहलाई भारतीय टुर गाइडले केहीबेर लुम्बिनी घुमाएर तत्काल भारततिरै फर्काएर लैजान्छन्’, कोषका सूचना अधिकारी बस्नेतले भने, ‘पर्यटकको लुम्बिनीमा मुख्य गन्तव्य मायादेवी मन्दिर जस्तो मात्र भएको छ, अनि कसरी पर्यटकको बसाइ अवधि लम्बिन्छ ?’, लुम्बिनी होटल संघ नेपालका अध्यक्ष गोविन्द ज्ञवालीले पछिल्लो समय लुम्बिनीमा पर्यटकको आगमनमा सुधार भए पनि बिहान आएर बेलुका फर्किने पर्यटक धेरै भएकाले पर्यटन व्यवसाय भने फाइदा लिन नसकेको बताउँछन् । यसका साथै बुटवल नारायणगढ सडकको कमजोर अवस्थाका कारण धेरै आन्तरिक पर्यटक आउन नचाहेको अध्यक्ष ज्ञवालीले बताए । लुम्बिनीमा धेरै आन्तरिक पर्यटक आउने भनेको काठमाडौं र पूर्वबाट हो । तर सडकको अवस्थाका कारण एकदमै कम आएको उनी बताउँछन् । यससँगै पर्यटकको लुम्बिनी बसाइ लम्ब्याउनेतिर योजना बनाउनु जरुरी भएको पर्यटन अध्यक्ष ज्ञवालीले बताए । ‘लुम्बिनी आउने पर्यटकलाई अर्को बुद्धस्थल तिलौराकोट र कपिलवस्तुका अन्य बौद्ध गन्तव्यमा पुऱ्याउने कार्यक्रम बनाउनुपर्छ’ उनले भने, ‘रामग्राम, देवदहसम्म पुग्न त्यता पनि आकर्षण गर्ने प्याकेज बनाउनुपर्छ, लुम्बिनीमा पर्यटक बढे पनि उनीहरूलाई भुलाउने योजना र कार्यक्रमको अभाव छ ।’ *-रासस*

## खेलकुद समाचार

# उपाधि जितेसँगै खेलबाट सन्यास लिइन् ज्योतिले



**काठमाडौं,** पुस १८/राष्ट्रिय महिला क्रिकेट टोलीकी अनुभवी खेलाडी ज्योति पाण्डेले सक्रिय खेल जीवनबाट सन्यास लिएकी छन् । काठमाडौंमा बुधबार सम्पन्न प्रधानमन्त्री कप महिला राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगिताको समापनसँगै उनले सक्रिय खेल जीवनबाट सन्यास लिएकी हुन् ।

राष्ट्रिय टोलीकी ओपनर ज्योतिको सन्न्यास सुखद रह्यो । सशस्त्र प्रहरी बलको एपीएफ क्लबलाई प्रधानमन्त्री कपको उपाधि चुमाउँदै उनले सक्रिय खेल जीवनबाट सन्न्यास लिएकी हुन् । उनी टोलीकी प्रभावशाली विकेटकिपर पनि हुन् । कीर्तिपुरस्थित अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा सम्पन्न प्रधानमन्त्री कपको फाइनल खेलमा एपीएफ क्लबले कोशी प्रदेशलाई ११ रनले हराएको थियो । यसलाई रमाइलो संयोग मान्नुपर्छ, ज्योतिले आफ्नो अन्तिम प्रतियोगिताको फाइनलमा आफ्नै गृह प्रदेशलाई हराएकी हुन् । ज्योतिको घर विराटनगर हो । ज्योतिले राष्ट्रिय टोलीसँगै घरेलु प्रतियोगिताबाट पनि सन्यासको घोषणा गरेकी हुन् । ज्योतिलाई उपाधि जितेपछि कीर्तिपुर क्रिकेट मैदानमा एपीएफको टोलीले गार्ड अफ अनरको सम्मान पनि दिएको थियो । ज्योतिले सन् २०१६ मा थाइल्यान्डमा आयोजना भएको एसीसी वुमन्स एसिया कपमा पाकिस्तानविरुद्ध सिनियर टोलीमा ‘डेब्यू’ गरेकी थिइन् ।


वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचक दोहोरो अंकले वृद्धि



**पाल्पा,** पुस १८/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अंकको वृद्धि भएको छ । बुधबार नेप्से परिसूचक २७ दशमलव ९० अंकले बढेर दुई हजार ५८ को विन्दुमा कायम भएको हो ।

तीन सय छ कम्पनीको एक करोड पाँच लाख चार सय ९८ कित्ता शेयर ९६ हजार दुई सय ५२ पटक खरिदबिक्री हुँदा रू चार अर्ब चार करोड ८८ लाख ५७ हजार चार सय ५४ बराबरको कारोबार भएको छ । सबै समूहका उपसूचक बढेका छन् । सबैभन्दा धेरै जलविद्युत समूह तीन दशमलव ०८ र उत्पादन तथा प्रशोधन समूह दुई दशमलव ०८ प्रतिशतले बढेको छ । कारोबारमा सातवटा कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । दिव्यश्वरी हाइड्रोपावर लिमिटेड, एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेड, पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेड, भगवती हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड, सोनापुर मिनरल्स एन्ड आयल लिमिटेड र मुक्तिनाथ कृषि कम्पनी लिमिटेडको शेयर मूल्य १० प्रतिशतले बढेको हो ।

सबैभन्दा धेरै गुमाउनेमा भने लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य पाँच दशमलव १० र प्रभु स्मार्ट फन्डको शेयर मूल्य चार दशमलव ८१ प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएका शेयर संख्यामा बुधबार सबैभन्दा धेरै सोनापुर मिनरल्स एन्ड आयल लिमिटेडको रू २६ करोड ६३ लाख ९१ हजार चार सय १६ बराबरको पाँच लाख ७० हजार सात सय १७ कित्ता शेयर किनबेच भएको छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई